# एक चोटी त मन्त्रि खान्छु

चाहे बाबुले नखा भनुन चाहे आमाले पर्दैन भनुन
खान्छु खान्छु एक चोटी त मन्त्रि खान्छु
चाहे पार्टीमा अन्तरघात गरेर होस चाहे राष्ट्रघात नै गरेर होस
जान्छु जान्छु एक चोटी त मन्त्रि परिषदमा जान्छु

चिल्लो कारमा झण्डा फहराउदै सरर गुडन पाइन्छ
अझ कुनै बिपत्ती आइपरोस राहत बाडने नाममा प्लेनमा उडन पाइन्छ
रातो पासपोर्टमा देश बिदेश घुम्न पाइन्छ
शुन्दरीलाई छेउमा राखेर बिदेशी सुराको नसामा झुम्न पाइन्छ
उदघाटन र शिलन्यासको नाममा बुद्धु बाकसमा झुल्कन पाइन्छ
आफ्ना बैरी र दुश्मनको रौं खुल्कन पाइन्छ
आफू र आफ्नो सात पुस्तालाई पुग्ने कमाउन पाइन्छ
शक्तीको पूजारी समाजको सामु आफ्नो धाक जमाउन पाइन्छ
आफ्ना नातागोता भाइ भतिजालाई ठूलो पदमा भर्न पाइन्छ
आफ्नो बोलीलाई नै कानून बनाएर मनपरी गर्न पाइन्छ

बरु गुलामी गर्छु जस्को गर्नु परेनी उस्ले जे भने नी मान्छु
खान्छु खान्छु एक चोटी त मन्त्रि खान्छु
चाहे पार्टीमा अन्तरघात गरेर होस चाहे राष्ट्रघात नै गरेर होस
जान्छु जान्छु एक चोटी त मन्त्रि परिषदमा जान्छु

कमलाकान्त आचार्य
भीयना बिश्व बिद्यालय
भीयना अष्ट्रिया